# सत्य निरूपण तथा मेलमिलाप आयोग नेपाल

## विज्ञ र विशेषज्ञको रुपमा नाम सूचीकृत हुनका लागि मनसाय पत्र पेश गर्न जारी गरिएको सूचना

यस आयोगको "विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य, अधिकार र सेवा शर्त एवं सुविधा सम्वन्धी निर्देशिका, २०७२" दफा ४ बमोजिम देहाय बमोजिमका विषयहरुमा आयोगलाई विज्ञ तथा विशेषज्ञ सेवा दिन विज्ञ र विशेषज्ञको रुपमा नाम सूचिकृत गर्न चाहने देहाय बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्ति वा संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मिति २०७३/०४/०६ बाट ७ दिनभित्र आयोग समक्ष आफ्नो नाम सूचिकृत गर्ने प्रयोजनको लागि मनसाय पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. विज्ञ र विशेषज्ञको सेवा उपलब्ध गराउने विषयहरु**

- क. संक्रमणकालीन न्याय
- ख. द्वन्द्व व्यवस्थापन
- ग. सत्य अन्वेषण, अनुसन्धान र अभियोजन
- घ. परिपूरण, मेलमिलाप र क्षमादान
- ङ. स्वास्थ्योपचार र मनोसामाजिक परामर्श
- च. सम्पत्ति मूल्याङ्कन
- छ. महिला अधिकार, मानव अधिकार र मानवीय कानून
- ज. फरेन्सिक विज्ञान र  ब्यालेष्टिक विज्ञान
- झ. मानव शास्त्र
- ञ. समाजशास्त्र
- ट. जनसंख्या र भूगोल

**२. योग्यता**

- क. नेपाल सरकारको विभिन्न सेवा समूहमा रही कम्तिमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत व्यक्तिहरु।
- ख. सर्वोच्च अदालत तथा नेपाल बार काउन्सिलबाट नाम दर्ता भै कानून व्यवसाय गरेका अधिवक्ताहरु।
- ग. द्वन्द्व व्यवस्थापन, संक्रमणकालीन न्याय, मानव अधिकार, समाजशास्त्र, राजनीतिशास्त्र, मानवशास्त्र समेतका विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धानमा सक्रिय व्यक्तिहरु।
- घ. मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. बि. बि. एस. तथा एम. डि. गरेका अनुभवी चिकित्सकहरु।
- ङ. स्नातक तह उत्तीर्ण गरी:
  - मनो-सामाजिक परामर्शदाताका रुपमा अनुभव प्राप्त व्यक्तिहरु,
  - ब्यालेष्टिक एक्सपर्ट, फरेन्सिक एक्सपर्टका रुपमा अनुभव प्राप्त व्यक्तिहरु।

**३. संलग्न गर्नुपर्ने कागजातहरु**

आयोगमा विज्ञ, विशेषज्ञ तथा बिशिष्टीकृत निकायको रुपमा नाम सूचीकृत गर्न चाहने इच्छुक व्यक्ति तथा संस्थाहरुले आयोग समक्ष अफ्नो मनसाय पत्र पेश गर्दा प्रचलित कानून बमोजिम प्रमाणित गरिएको देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्नेछ :-

- क. नागरिकताको प्रमाणपत्र,
- ख. फर्म वा संस्था दर्ता प्रमाण पत्र,
- ग. मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र,
- घ. आयकर दर्ता प्रमाणपत्र,
- ङ. कर चुक्ता प्रमाणपत्र,
- च. व्यक्तिगत हैसियतमा मनसाय पत्र दिने भए आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालीम, अनुभव हालसम्म सम्पादन गरेको कार्य विवरण खुल्ने गरी सम्बन्धित व्यक्तिको हस्ताक्षरले प्रमाणित गरेको व्यक्तिगत विवरण,
- छ. संस्थागत हैसियतमा दिने भए संस्थासँग सम्वद्ध व्यक्ति तथा संस्थाले उपलब्ध गराउन सक्ने विज्ञहरुको नामावली र त्यस्तो नामावली बमोजिमका व्यक्तिहरुको खण्ड (च) बमोजिमको व्यक्तिगत बिवरण र सम्वद्ध संस्थाले हालसम्म सम्पादन गरेको कार्यविवरण खुलेको संस्थाको परिचय विवरण (प्रोफाइल)

**४. कुनै व्यक्ति वा संस्थाको नाम सूचीकृत गर्ने वा नगर्ने अधिकार आयोगमा निहित हुनेछ। अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।**